## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या १३ (आ.व.२०८१/८२)

आज मिति २०८२/०३/०६ गते शुक्रबार बिहानको ७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो।

### तपसिल

| क्र.स. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री शशी कुमार खनिया | |
| २ | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ्ग | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १६ | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १७ | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ति | |
| १८ | कार्यपालिका सदस्य | श्री मैया बि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २१ | कार्यपालिका सदस्य | श्री विष्णु माया बि.क. | |
| २२ | कार्यपालिका सदस्य | श्री दुखीराम दराई | |
| २३ | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |
| २४ | सदस्य सचिव | श्री विष्णु प्र. सापकोटा | |
| २५ | कार्य वाहक वडा अध्यक्ष | श्री कमला खनाल | |

**बैठक संख्या: १३ (२०८१/८२)**
मिति २०८२/०३/०६ गते शुक्रबार
बिहानः ७:३० बजे।

**क. प्रस्तावहरु:-**

१. आर्थिक सर्वेक्षण २०८१/८२ पारित गर्ने सम्बन्धमा।
२. आ.व २०८२/८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।
३. आ.व २०८२/८३ को बजेट तथा विनियोजन विधेयक सम्बन्धमा।
४. आ. व २०८२/८३ को कर तथा दस्तुरका दरहरुसमेटिएको आर्थिक विधेयक २०८३ सम्बन्धमा।
५. मध्यमकालिन खर्च संरचना (२०८२/८३ देखी २०८४/८५) सम्बन्धमा।
६. कानुन सहजकर्ता संजय चौधरी समेतलाई निरन्तरता दिने सम्बन्धमा।

**ख. निर्णयहरु**

**निर्णय नं. १**

खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को आर्थिक सर्वेक्षण प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

आर्थिक वर्ष २०८२/८३ को लागि आगामी सत्रौं नगरसभामा पेश गर्ने नीति तथा कार्यक्रम बैठकमा पेश भई सोको विभिन्न शिर्षकमा छलफल पश्चात पारीत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, बमोजिम आगामी आर्थिक बर्ष २०८२/८३ का लागि प्रस्ताव गरिएको वार्षिक नगर योजना तथा कार्यक्रम समावेश भएको बजेट वक्तव्य र वार्षिक नगर योजना तथा कार्यक्रम कार्यान्वयनको लागि चालु तथा पूँजीगत तर्फ विनियोजन प्रस्ताव गरिएको रकमलाई संलग्न गरी कुल १ अर्ब ३ करोड ८५ लाख १३ हजार ३ सय ५० रुपैयाँ रकम संचित कोषबाट खर्च गर्ने गरी पेश भएको विनियोजन विधेयक २०८१ लाई पारित गरी नगरसभामा पेश गर्ने निर्णय गरीयो।

**निर्णय नं. ४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६५ तथा खैरहनी नगरपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५ को ५.२.१ बमोजिम गठित स्थानीय राजश्व परामर्श समितिको विभिन्न मितिमा बसेको बैठकबाट प्राप्त परामर्श, सुझावहरुका आधारमा आगामी आर्थिक बर्ष २०८२/८३ का लागि सिफारिश भएका कर, दस्तुर, शुल्कका दर सम्बन्धी प्रस्ताव समावेश भएको आर्थिक विधेयक २०८३ लाई पारित गरी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

नगरपालिकाको आर्थिक वर्ष २०८२।८३-२०८४।८५ को मध्यमकालिन खर्च संरचना निर्माणको प्रतिवेदन उपर छलफल पश्चात पारित गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कानुनी सहजकर्ता श्री सन्जय चौधरी समेतका करारका कर्मचारीको करार म्याद थप सम्बन्धमा स्वीकृत दरबन्दी अनुसारको कानून अधिकृत लोकसेवा आयोगबाट पदपूर्तिको लागि माग भई सकेको, कार्यालयमा कानूनको अन्य कर्मचारी कार्यरत नभएकोले लोकसेवा आयोगबाट पदपूर्ति नहुँदासम्म बढिमा ६ महिना निजलाई साविककै पदमा साविक बमोजिमको सेवा सुविधा नगरपालिकाबाट भुक्तानी हुने गरी निरन्तरता दिने गरी नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

# खैरहनी नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम

रहनी नगरपालिकाका उप-प्रमुखज्यू,

डा अध्यक्षज्यूहरु,

ार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु,

गरसभाका सचिव, नगर शिक्षा अधिकारी, कर्मचारी साथीहरु, सञ्चारकर्मी मित्रहरुलाई खैरहनी गरपालिका नगरसभाको १७ औं अधिवेशनमा मेरो व्यक्तिगत तर्फबाट तथा खैरहनी नगरपालिका रिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

ाप. को सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र स्वतन्त्र जन ीविकाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यस्ता आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योगदानको पुन: स्मरण गर्न चाहन्छु । नगरपालिका स्थापनाकालदेखिनै यहाँका राजनैतिक दल, समाजसेवी, पूर्व जनप्रतिनिधि तथा नगरपालिकाका वर्तमान जनप्रतिनिधिहरुले नेतृत्व गरेको विगतको अथक प्रयासबाट हासिल भएको उपलब्धिहरुको जगमा टेकेर आगामी दिनमा विगतका हाम्रा भोगाई र सिकाईका साथै विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावहरुको आधारमा विकासको यात्रालाई तीव्रताका साथ अगाडि बढाउने प्रण गर्दछु ।

विगत वर्षहरुमा गरिएको संस्थागत स्वःमुल्याङ्कन र वित्तीय अनुशासन तथा जोखिम मूल्याङ्कनमा हाम्रो नगरपालिकाले देशभरमै उत्कृष्ट नतिजा हाँसिल गर्न सफल भएको छ । यो गरिमामय उपलब्धीको लागि खैरहनी नगरपालिकाको कार्यसम्पादनमा सुझाव, सल्लाह र सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी, यस क्षेत्रका सङ्घीय तथा प्रदेशका माननीय सांसद, जिल्ला समन्वय समितिका प्रमुख, राजनीतिक दल, सामाजिक संघ, संस्था, उप प्रमुख, व अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, कार्यालयका सम्पूर्ण कर्मचारीहरु साथै पत्रकार मित्रहरु प्रति धन्यवाद सहित आभार प्रकट गर्दछु । साथै आगामी दिनमा समेत निरन्तर सल्लाह, सुझाब र सहयोगको अपेक्षा गरेको छु ।

नेपालको संविधानको अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, संङ्घीय सरकारले अंगिकार गरेको सोह्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको आर्थिक वर्ष २०८२।८३ को बजेट, नीति तथा कार्यक्रम, बागमती प्रदेशको दोस्रो आवधिक योजना तथा आर्थिक वर्ष २०८२।८३ को बजेट, नीति तथा कार्यक्रम, खैरहनी नगरपालिकाको पहिलो आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५, संङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरु, खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण २०८१/८२, माननीय सांसदज्यूहरु, विभिन्न राजनैतिक दल तथ सरोकारबालाहरुबाट प्राप्त राय सुझावहरु, विगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु, स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझाबहरु, लेखापरीक्षण प्रतिवेदन, लैङ्गीक

परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझावहरुको आधारमा खैरहनी नगरपालिकाले आर्थिक वर्ष २०८२।८३ मा अबलम्वन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरु तय गरिएको छ। खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम मुख्यतया देहायका सात विषयमा केन्द्रीत रहने छ।

क. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको विवेकशील परिचालन गरी गुणस्तरीय, वातावरण संरक्षण केन्द्रित, दिगो र तिव्र पूर्वाधार विकास गर्ने।

ख. सवल स्थानीय सरकार समुन्नत नगरपालिका, सुखी नगरवासी, सवल र सम्वृद्ध खैरहनी भन्ने नारालाई आत्मसात गर्दै सामाजिक आर्थिक विकास र जलवायु परिवर्तन अनुकुलन पद्दतीको अबलम्बन मार्फत स्थानीय अर्थव्यवस्थालाई उत्थानशील, समुन्नत र स्वाधीन बनाउने। चक्रिय र हरित अर्थतन्त्रमा आधारित जीवन पद्धतिलाई प्रोत्साहन गर्ने।

ग. गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी,सरसफाई तथा सहज सडक सुविधाको सुनिश्चितता गर्दै कृषि, पशुपालन, पर्यटन र उद्यमशिलता विकास मार्फत नगरपालिकाको समग्र उत्पादन, उत्पादकत्व र प्रतिष्पर्धात्मक क्षमता विकास गर्ने।

घ. विपन्न परिवारका सदस्य, महिला, आदिवासी, जनजाती र अपाङ्गता भएका नागरिकलाई रोजगारी र स्वरोजगारीका अवसर सृजना गर्न योगदान गर्ने सीप विकास र बिउ पुजी केन्द्रित मिसन रोजगार कार्यक्रम सञ्चालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्ने।

ङ. संरचनागत सुधार र बहुक्षेत्र सहकार्यमा विपदजन्य जोखिम न्युनिकरण गर्दै नागरिक संलग्नतामा विपद प्रतिकार्यलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउने।

च. कृतिम वौद्धिकता, क्लाउड कम्प्युटिङ, ब्लकचेन प्रविधि (Blockchain Technology) र रोबोटिक्स जस्ता आधुनिक प्रविधिको सदुपयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिक अपेक्षा केन्द्रित, सहज र गुणस्तरीय गराउने। पारदर्शिता र जवाफदेहिताका औजारहरुको प्रभावकारी प्रयोग गर्दै नगरबासीलाई सुशासनको सुखानुभुति प्रदान गर्ने।

छ. नगरबासी युवाहरुलाई उनिहरुको रुची र खुबिका आधारमा व्यवसायिक खेलकुद विकासमा जोड दिने तथा डिजिटल मार्केटिङ समेतका तालिम सञ्चालन गर्दै अप वोर्क, फाइभर,फ्रिलान्सर जस्ता अनलाईन प्लेटफर्ममा आफ्नो सीप उपयोग गरी घरमै बसेर वैदेशिक मुद्रा आर्जन गर्न वा स्टार्ट अप सुरुवात गर्न प्रोत्साहन गर्ने गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने।

**नगर सभाका सदस्यज्यूहरु,**

अब म आर्थिक, सामाजिक र पूर्वाधार विकास, वन वातावरण, विपद व्यवस्थापन र सरसफाई क्षेत्र, सुशासन तथा संस्थागत विकास, सामाजिक न्याय, सशक्तिकरण लगायत नगरपालिकाको सर्वाङ्गिण विकासका लागि नगरपालिकाले अबलम्बन गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## १) आर्थिक विकास :-

### क. कृषि विकास :

१. **"कृषि उत्पादनको मूल आधार, सिंचाई प्रणालीमा सुधार"** भन्ने अवधारणालाई मध्यनजर गरी नगरपालिकाको सिंचाईबाट वञ्चित खेती योग्य भूमीमा बार्हैमास सिंचाई सुविधा पुर्याई कृषी

उपजको उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिने **"किसान तपाईँलाई के चाहिन्छ ? "** कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**"खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा"** भन्ने नारा सम्बोधन गर्न कृषकको घर -दैलोमा प्राविधिक सेवा, सामाजिक सञ्जालमा प्राविधिक प्याम्प्लेट, बाली रोग र कीरासँग सम्बन्धित भिडियो सामग्री उत्पादन तथा प्रसारण गर्दै **"किसान तपाईँलाई के चाहिन्छ ? "** कार्यक्रम लाई यस वर्ष पनि थप परिष्कृत र नतिजामुलक बनाईनेछ ।

**"एक वडा एक कृषि सहकारी"** कार्यक्रममा सहकारी संस्थाको प्रतिस्पर्धाबाट नवप्रवर्तन योजना छनौट, श्रोत केन्द्रको रूपमा प्रवर्द्धन, यान्त्रीकरण र बजार विस्तारमा सहकार्य गरिनेछ ।

**"कृषि उत्पादनमा वृद्धि, खैरहनी नगरको समृद्धि"** को मुल मर्मलाई साकार पार्न कृषिको आधुनिकीकरण तथा यान्त्रीकिकरण मार्फत तरकारी, खाद्यान्न, फलफूल, च्याउ र मह जस्ता कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर नगरपालिका निर्माण गरिने छ ।

षिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न एकीकृत कृषि उपज, माछा, मासु बजार निर्माण गरि **"बारी देखि बजारसम्म, उत्पादक देखि उपभोक्तासम्म"** अभियान सञ्चालन गरिनेछ, साथै निर्माण भएका कृषि उपज संकलन केन्द्र र कृषि बजार संचालन गरिनेछ ।

कृषि क्षेत्रमा युवाहरूलाई आकर्षित गरि कृषि कर्मलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउन कृषक, कृषक समूह, समिति र सहकारीको सहकार्यमा मेयरसँग कृषि कार्यक्रम लाई थप परिमार्जन सहित संचालन गरिनेछ ।

**"उत्पादन साथमा, अनुदान हातमा"** भन्ने नारालाई चरितार्थ गर्न तुलनात्मक लाभ र उच्च मूल्य प्राप्त हुने, विदेशबाट बढी आयात हुने बाली तथा वस्तुको उत्पादन वृद्धि गर्नका लागि प्याज र अन्य मसला बालीमा उत्पादनको आधारमा अनुदान दिने कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रमलाई थप परिष्कृत गरि स्वच्छ र पोषणयुक्त खाद्यानमा पँहुच विस्तार गरी खाद्य सुरक्षाको सुनिश्चितता गरिने छ ।

खेतियोग्य जग्गा नहुने विपन्न तथा गरिब किसानलाई व्यवसायिक खेतीमा आकर्षित गरि कृषिमा दिगोपन ल्याउन जग्गा भाडामा अनुदान दिने कार्यक्रम थप बिस्तार गरिने छ।

०. **"स्वस्थ उत्पादन, रसायन प्रतिस्थापनको लक्ष्य, आई.पि.एम. पद्धतिद्वारा कृषक स्वयं दक्ष"** भन्ने नारा अघि बढाउदै वातावरण, मानव स्वास्थ्यलाई कुनै हानी नोक्सानी नपुऱ्याउने खालका विभिन्न प्रविधिहरूलाई प्रयोग गरि बाली बिरूवालाई रोग कीराबाट बचाउने र विषादी, मलको समुचित प्रयोग गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने शिक्षा प्रदान गर्ने आई.पि.एम. कृषक पाठशाला कार्यक्रमलाई किसान मैत्री बनाउँदै अगाडि बढाइने छ। विषादीको न्यून र समुचित प्रयोग गरि उत्पादन गरिएको कृषि उपजको प्रवर्द्धन गर्न PGS मोडलमा आई.पी.एम.पसल गरिनेछ ।

११. **"विदेशमा सिकेको सीप र ज्ञान, स्वदेशी भूमिमा योगदान"** भन्ने मन्त्रलाई आत्मसाथ गर्दै वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि प्राविधिक क्षमता अभिवृद्धि गरी एक व्यवसायिक कृषकको रुपमा विकास गर्न सहयोग तथा सहजीकरण गर्ने कार्यक्रम थप परिमार्जन सहित अघि बढाइने छ ।

१२. अनुदानको रासायनिक मल, विषादी र बीउ बिक्रेताहरूलाई नियम र कानुनको परिधि भित्र मात्र कारोबार गर्न गराउन पाउने गरी व्यवस्थित गरिने छ ।

१३. **"स्वस्थ माटोको साथ, उत्पादन वृद्धिको सुरुवात"** भन्ने नाराका साथ माटोको उर्वराशक्तिमा सधुार गरी उपयुक्त खेती प्रवर्द्धन गर्न माटो परीक्षण गरि कृषि चुन वितरणलाई थप वस्तुनिष्ठ बनाईने छ।

१४. **"मौरीपालन व्यवसायमा लगानी, स्थानीय महबाट मनग्य आम्दानी"** लाई आत्मसाथ गर्दै किसानद्वारा उत्पादित महको गुणस्तरको सुनिश्चितता सँग सँगै महको उचित मूल्यमा बिक्री वितरण गर्ने वातावरण सिर्जना गरिनेछ।

१५. किसानद्वारा उत्पादित उपजको भण्डारण गर्न निर्माण गरिएको शीत भण्डार सञ्चालन गर्न थप पहल गरिनेछ।

१६. **"प्राङ्गारिक मलको प्रयोग, स्थानीय श्रोत-साधनको सदुपयोग"** भन्ने मान्यताका साथ माटोको जैविक गुणमा ह्रास आउन नदिन विभिन्न सरकारी र गैर सरकारी निकायसंगको समन्वयमा कम्पोष्ट र गड्यौले मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन दिदै दिगो कृषि उत्पादन प्रणाली प्रवर्धनको विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१७. रैथाने बाली तथा परम्परागत खेती प्रणालीमा आधारित कृषकको स्थानीय ज्ञान, सीप र अभ्यासहरूको संरक्षण, अभिलेखिकरण र प्रवर्दन गरिनेछ।

१८. बजार मागको आधारमा कृषि व्यवसाय प्रवर्द्धन गर्न, जनशक्ति विकासमा जोड दिनुका साथै कृषि उपज र वडा स्तरीय तालिम दिइनेछ।

१९. हानिकारक रासायनिक विषादीको अत्याधिक प्रयोगले मानव स्वास्थ्यमा पारेको प्रभावलाई मूल्यांकन गर्दै रासायनिक विषादीको विकल्प जैविक विषादी र जैविक सामाग्रीको बारेमा किसानहरूमा सचेतना जगाउदै कृषकहरूलाई सहुलियत दरमा जैविक सामग्री र विषादी वितरण गर्ने कार्यक्रमलाई थप परिष्कृत गरि संचालन गरिनेछ।

२०. कृषकहरुलाई जैविक खेतीमा आकर्षित गर्न अगुवा कृषकहरुको सहकार्यमा प्रांगारिक फर्म स्थापना गरी स्थानीय तथा राष्ट्रिय स्तरमा जैविक खेतीको नमुना फर्मको रुपमा विकास गरिनेछ।

२१. नयाँ तथा उन्नत जातका बीउ बिजनको प्रयोगलाई बढावा दिने र बजारमा बीउ बिजनको मूल्यमा एकरूपता ल्याउन खाद्यान्न बालीको उन्नत बीउ उपभोगमा अनुदान कार्यक्रम थप व्यवस्थित गरी लागु गरिने छ।

२२. कृषि तथा वन विज्ञान विश्वविद्यालय र अन्य विश्वविद्यालयसँग समन्वय र सहकार्य गरि कृषि शिक्षा, प्रसार र अनुसन्धानको कार्यक्रम सञ्चालन गरिनेछ।

२३. कृषि उत्पादन र उत्पादकत्व वृद्धि, कृषकको जीवनस्तर सुधार र अन्य कृषिका आयाममा रहेर कार्य गर्ने विभिन्न गैर सरकारी निकायसँग सहकार्य गरी कृषि कार्यक्रम संचालन गरिनेछ।

२४. यान्त्रीकीकरण कार्यक्रम कार्यन्वयनका लागी स्वदेशमा मेसिन उत्पादन गर्ने राष्ट्रिय आविष्कार केन्द्र र अन्य सरकारी निकायबाट उत्पादित कृषि उपकरणलाई प्राथमिकता दिइनेछ।

२५. साना तथा मझौला कृषक लक्षित साना मेसिन/उपकरण वितरण कार्यक्रम संचालन गरिनेछ।

२६. आलु पकेट कार्यक्रमलाई निरन्तरता दिईनेछ र नयाँ मकै पकेट कार्यक्रम संचालन गरिनेछ।

## ख. उद्योग तथा बाणिज्य :

२७. उद्योगी व्यावसायीहरुको अवस्था, समस्या र सोको समाधानका लागि नगरमा उद्योग व्यवसाय क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुसँग सहकार्य, समन्वय र साझेदारी गरिनेछ।

२८. उद्योग कलकारखाना तथा व्यवसायको अवस्थालाई समेत आधार बनाइ उद्योग व्यवसायको करलाई आवश्यकता र औचित्यता समेतका आधारमा कर छुट गर्ने व्यवस्था तथा दर्ता प्रक्रियामा नआएका व्यवसायीहरुलाई प्रक्रियामा ल्याउन निश्चित समायवधी भित्र दर्ता गर्ने व्यवसायीहरुलाई एकपटक निश्चित छुटको अवसर दिई व्यवसायलाई नगरपालिकामा दर्ता गर्न अभिप्रेरित गरिनेछ भने दर्ता नगर्नेहरुलाई नियमानुसार कारवाही समेत गरिनेछ।

२९. उद्योग बाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासका लागि उद्योग बाणिज्य संघ खैरहनी, चितवन उद्योग संघ इकाई खैरहनी र नेपाल चेम्वर अफ कमर्स खैरहनी सँगको सहकार्यलाई अगाडी बढाइनेछ।

३०. बजार अनुगमन, गुणस्तरीयता परीक्षणको कार्यलाई सरोकारवाला सबैको सहभागितामा प्रभावकारी तथा नियमित रुपले अगाडी बढाइनेछ।

३१. नगरपालिकामा दर्ता भएका उद्योग व्यवसायहरुको अभिलेख व्यवस्थित गर्न प्रयोगमा ल्याईएको व्यवसाय दर्ता व्यवस्थापन प्रणालीमा सुधार गरी थप व्यवस्थित बनाईनेछ। साथै व्यवसाय दर्ताको अभिलेख व्यवस्थापन वडा कार्यालयमा पनि व्यवस्थित गर्दै लगिनेछ।

३२. मध्यवर्ति क्षेत्र र राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्रमा सञ्चालन हुने उद्योग तथा व्यवसायको सहजरुपमा दर्ताका लागि चितवन राष्ट्रिय निकुञ्जसँग समन्वय गरी सहजीकरण गरिनेछ।

३३. उद्योग तथा कल कारखानामा काम गर्ने मजदुर तथा रोजगारदाता बीचको द्वन्द व्यवस्थापन तथा रोजगारदाताहरुको हकहित संरक्षणको पक्षमा उद्योगी व्यवसायीहरुसँग आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ।

३४. नगर क्षेत्रमा औद्योगिक विकासकालागी आवश्यक औद्योगिक पूर्वाधार निर्माण सम्बन्धमा कार्यविधि तयार गरि सम्भाब्यता अध्ययन कार्य अगाडि बढाइनेछ।

३५. व्यवसायको तथ्यांक संकलन तथा दर्ता र नविकरण कार्यका लागि व्यवसाय घुम्ती शिविर र अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

## ग. पर्यटन तथा संस्कृति प्रवर्द्धन :

३६. खैरहनी नगपालिका नगर वाङमय परिषदको गठन गरिने छ। नगरपालिकाको इतिहास, मौलिक भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३७. खैरहनी नगरपालिकाको दक्षिणी क्षेत्रलाई सौराहाको पर्यटन व्यवसायसँग अन्तर आवद्दता कायम गरी सहलाभको सुनिश्चितता गर्न कार्यक्रमहरु ल्याइनेछ। नगरक्षेत्रभित्रका पर्यटकीय सम्भावना भएका क्षेत्रहरुको पहिचान र विकास गरी प्रचारप्रसार गरिनेछ।

३८. नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको मौलिकता, कला संस्कृति, पहिचान झल्कने श्रोत सामग्रीको प्रदर्शनी (Exhibition) गर्नुका साथै स्थापना भएका थारु, दराइ, मगर तथा अन्य जातजातिको संग्रालयको स्तरउन्नती गरी पर्यटकहरुलाई आकर्षित गरिनेछ। होमस्टे (घरबास) को विकास मार्फत ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिनेछ। होमस्टे सञ्चालकलाई स्थानीय कला, संस्कृति, भेषभूषा, मौलिकता, परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ।

३९. पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पर्यटन विकासको साथै पर्यटन व्यवसायीहरुलाई सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ। दलित होमस्टे सञ्चालनको कार्यक्रमलाई थप परिमार्जित गरि अगाडि बढाईने छ।

४०. वडा नं ६ र ८ को बीचमा रहेको बुढी राप्ती खोलामा मोटरबोट सञ्चालन गर्न आवश्यक संरचना निर्माण गरिने छ तथा तटबन्धन सम्बन्धी योजना कार्यान्वयन गर्दा वातावरण सरक्षंण र पर्यटन विकासको सम्भावनालाई समेत मध्यनजर गरि कार्यान्वयन गरिनेछ।

४१. कुमरोज सामुदायिक वन, अजिंगरे सामुदायिक वन, चिसापानी सामुदायिक वन तथा खै.न.पा १० स्थित चन्द्रमा पार्क र देवीस्थान मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा प्रवर्धन गरिनेछ। संघीय र प्रदेश सरकारको साझेदारीमा कंकालिकोट साथै कंकाली सामुदायिक वनमा मन्दिर निर्माण, बाटो निर्माण गरी पर्यटक आकर्षित गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ।

४२. नगरभित्रका कृषि पर्यटनको सम्भावना रहेको क्षेत्रहरुमा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। पर्यटन क्षेत्रको विकास, पर्यटकीय क्षेत्रको तथ्यांक संकलन, व्यवस्थापन तथा नियमनको लागि पर्यटन प्रवर्द्धन शाखालाई थप ब्यवस्थित बनाई पर्यटन विकास समिति गठन गरि अन्य पालिकाहरुको पर्यटन विकासको अनुभव आदानप्रदानको व्यवस्था गरिनेछ।

## घ. सहकारी विकासः-

४३. सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाइ सहकारी क्षेत्रको समुचित व्यवस्थापनका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गर्दै सुशासन र वित्तीय व्यवस्थापनलाई सुदृढ गर्न नियमीत अनुगमनको व्यवस्थालाई निरन्तरता दिईनेछ।

४४. उत्पादन र रोजगारीलाई सहकारीसंग आवद्ध गराई बढी रोजगारी सृजना गर्ने सहकारीलाई प्रोत्साहन गरि सम्मान गरिनेछ।

४५. सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनलाई थप प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारी संस्थाहरूलाई आबद्ध गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४६. सहकारीहरु प्रति आम जनताको विश्वास बढाउन क्षमता विकास सम्बन्धी कार्यहरु गरिनेछ भने प्रचलित सहकारी सम्बन्धी कानूनहरुको पालना नगर्ने तथा नियमानुसारको प्रगति प्रतिवेदनहरु नियामक निकायमा पेश नगर्ने सहकारीहरुलाइ कानून अनुसार कारवाही गरिनेछ।

## ङ. जलश्रोत, खानेपानी तथा सिंचाई :

४७. नगरभित्रका सबैघरधुरीमा स्वच्छ र गुणस्तरीय खानेपानीको पहुँच हुनेगरि खानेपानी आयोजनाहरु सञ्चालनमा आवश्यक सहयोग गरिनेछ। खानेपानी र सरसफाइ क्षेत्रमा दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

४८. स्वच्छ र गुणस्तरीय खानेपानीको पहुँच पुर्याउन एक आर्थिक वर्षभित्र कम्तिमा २ पटक खानेपानिको शुद्धता परीक्षण गरिनेछ।

४९. जलपर्यटनको सम्भाव्यता रहेका क्षेत्रमा जलस्रोतको उचित व्यवस्थापन हुने योजनालाई प्राथमिकता दिइने छ। जलाशययुक्त खानेपानी आयोजना र भूमिगत जलस्रोतको पुनर्भरणलाई प्राथमिकतामा राखिने छ।

५०. उपभोक्ताहरुको सह लगानीमा खानेपानी र सरसफाइका आयोजना एकीकृत रुपमा कार्यान्वयन गरिनेछ।

५१. बढ्दो शहरीकरणसँगै अव्यवस्थित ढल प्रणालीलाई व्यवस्थित गर्न प्राथमिकताका आधारमा ढल निर्माण कार्यक्रम संचालनमा ल्याइनेछ ।

५२. नगर अन्तर्गतका जलस्रोत उपभोक्ता समितिलाई नगर जलस्रोत समिति मार्फत दर्ता अनिवार्य गरिनेछ । सतह सिंचाइका योजनाहरुलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याईनेछ ।

५३. जलवायु परिवर्तन, जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका मानव वस्ती तथा कृषियोग्य जमिनको संरक्षण गर्न तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिइनेछ। विपदबाट क्षति पुगेका खानेपानी, सिँचाई तथा तटबन्धका संरचनाहरुको मर्मत तथा पुनर्निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

## च. पशुपन्छी विकास :

५४. सन् २०३० सम्म कुकुरको टोकाईबाट मानिसमा लाग्ने रेबिजलाई सुन्यमा झार्ने नीतिको अवलम्बन गर्दै **"निरन्तर बन्ध्याकरण तथा खोप तालिका, रेबिजमुक्त खैरहनी नगरपालिका"** भन्ने नाराका साथ सामुदायिक कुकुरको निशुल्क बन्ध्याकरण तथा रेबिज विरुद्धको खोप लगाउने व्यवस्था मिलाईनेछ ।

५५. **"एक स्वास्थ्य रणनीति"** अबलम्बन गर्दै महामारी र जुनोटिक रोगहरुको निरन्तर निगरानी, रोकथाम तथा नियन्त्रण, वातावरणीय स्वास्थ्य प्रवर्धन, विषादीले मानव स्वास्थ्यमा पार्ने जोखिम न्युनिकरण सम्बन्धि विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ र एक स्वास्थ अवधारणालाई कार्यान्वियन गर्न सरोकारवाला निकायहरुसंग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

५६. **"श्रम र सीपको समायोजन, दुधको विविधिकरणबाट आयआर्जन"** भन्ने नारा साथ स्थानीय दुग्ध उत्पादक संस्थाहरुबाट उत्पादित दहि, मही लगायतका दुग्धजन्य पदार्थलाई स्थानीयस्तरमा नै खपत गर्ने साथै खैरहनी नगरपालिका अन्तर्गतका सरकारी कार्यालयहरुमा अतिथि सत्कार, विभिन्न कार्यक्रम तथा दैनिक खपत हुने अन्य पेय पदार्थको ठाउँमा स्थानीय दहि/महीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

५७. **"पशुपालनमा आधुनिक यन्त्रको प्रयोग, श्रम र समयको सहि सदुपयोग"** भन्ने नाराका साथ दुग्ध उत्पादक सहकारी संस्था मार्फत कृषकलाई विविध यान्त्रिकरणमा अनुदान दिईनेछ साथै दुग्ध उत्पादक सहकारी संस्थालाई विविध उपकरण तथा यान्त्रिकरणमा सहयोग गरिनेछ । पशुहरुमा बच्चा जन्मिए पश्चात माउ थला पर्ने अवस्थाको (Downer's Cow Syndrome) बढ्दो समस्यालाई सहजीकरण गर्नका लागि एक वडा एक काउ लिफ्टर कार्यक्रम अन्तर्गत सबै वडामा एक वटा दुग्ध उत्पादक सहकारी संस्था मार्फत काउ लिफ्टर अनुदान दिने व्यवस्था मिलाईनेछ र पशुपालक कृषकलाई काउ म्याट दिने व्यवस्था मिलाईनेछ ।

५८. प्रदेश सरकारसंग आवश्यक सहकार्य गरि दुग्ध उत्पादक किसानको श्रमको सम्मान गर्दै प्रति लिटर दुधमा अनुदान वितरण गरिनेछ ।

५९. खैरहनी-६, सुर्तनीस्थित पशु सेवा शाखाको उपचार कक्षबाट नियमित औषधि वितरण,गोबर परीक्षण, थुनेलो परीक्षण, पशु रोग उपचार, शल्यक्रियाँ, रगत परीक्षण, USG सेवा आदिलाई थप सुदृढीकरण गर्दै लगिनेछ ।

६०. **"जैविक सुरक्षा अपनाऔं, पशु फार्म सुरक्षित बनाऔं"** लाई आत्मसाथ गर्दै पशुपालक कृषकलाई असल अभ्यासमा जोड दिन र जैविक सुरक्षाका विधिहरु पालना गर्नका लागि प्रेरित गरिनेछ।

६१. **"एक पटक रोपौं, वर्षौसम्म काटौं"** भन्ने मान्यताका साथ कृषकलाई वहुवर्षे तथा कोशे घाँस खेतीमा आकर्षित गर्न वहुवर्षे तथा कोशे घाँसको विऊ वितरणमा विशेष जोड दिईनेछ। सुक्खायाममा पनि उत्पादन र उत्पादकत्व बढाउन हे र साईलेज प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।

६२. नगरपालिकाको घाँसको मागलाई नगरपालिकाभित्रबाटै परिपूर्ति गर्नका लागि विऊ बैंक स्थापना गर्न इच्छुक कृषकका लागि अनुदानको व्यवस्था गरिनेछ।

६३. **"पशुपन्छीको स्वास्थ्यमा निगरानी, बढाउँछ आम्दानी"** भन्ने नाराका साथ पशुको उत्पादन उत्पादकत्व बृद्दि गर्न, पशु स्वास्थ्यको सचेतना फैलाउन, दीर्घरोगी पशुको उपचार, प्राविधिक सेवा एकैथलोमा दिन तथा पशु प्रजनन विकृति सम्बन्धी उपचार, बाँझोपन निवारण तथा घुम्ति प्राविधिक सेवा कृषकको गोठ गोठमा पुर्याउनको लागि पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर र हर्ड हेल्थ कार्यक्रम संचालन गरिनेछ।

६४. **"शिक्षित किसान, उन्नत पशुपालन"** भन्ने नारालाई आत्मसाथ गर्दै कृषकको मागको आधारमा पशुपालन सम्बन्धी विभिन्न तालिमहरु संचालन गरिनेछ। साथै पशुपालन क्षेत्रमा दिईने अनुदानको लाभ वास्तविक कृषकले मात्र प्राप्त गर्ने व्यवस्था मिलाईनेछ।

६५. **"दुध उत्पादनको मुख्य आधार, कृत्रिम गर्भाधानद्वारा नश्ल सुधार"** भन्ने नारा अघि बढाउदै कृत्रिम गर्भाधानकर्ताहरुलाई नियमित रुपमा उन्नत जातको पशुको सिमेन, नाईट्रोजन तथा अन्य उपकरणहरु वितरण गरिनेछ।

६६. पशुहरुमा भैपरी आउन सक्ने महामारी रोग जस्तै खोरेत, पिपिआर, स्वाइन फिभर र लम्पी स्किन रोग विरुद्धको खोप कृषकको घर दैलोमा गई लगाउने व्यवस्था गरिनेछ। साथै महामारी रोगको समयमै पहिचान गरि पिडितलाई राहत दिनका निम्ति महामारी कोषको स्थापना गरिनेछ।

**छ. राजश्व सम्बन्धी नीति :**

६७. महिलाका नाममा दर्ता हुने उद्योग तथा व्यवसायीक फर्मलाई दर्ता शुल्कमा १०० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ।

६८. नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई, बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न राजस्व सुधार कार्ययोजना बमोजिमका सुधारका कार्यहरु अगाडी बढाइनेछ।

६९. नगरबासीलाई आफ्नो करप्रतिको जिम्मेवारी र कर्तव्य बोध गराउन करदाता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ। यस्ता किसिमका कार्यक्रममा उद्योग बाणिज्य संघ खैरहनी चितवन, उद्योग संघ खैरहनी ईकाइ र नेपाल चेम्बर अफ कमर्स खैरहनीसँग सहकार्य, समन्वय र साझेदारी गरिनेछ।

७०. सबै सामुदायिक वनलाई करको दायरामा ल्याईनेछ भने करको दायरामा नआउने सामूदायिक वनहरुलाई नियमानुसार कारवाही प्रक्रिया समेत अगाडि बढाईनेछ।

७१. नागरिकले आँफूले तिर्नुपर्ने करको बारेमा पूर्व जानकारी पाउने प्रणालीको विकास गरी राजश्व संकलन कार्यलाई पूर्वानुमानयोग्य बनाउन शुल्कको बारेमा अग्रीम जानकारी उपलब्ध गराउने व्यवस्था

मिलाइनेछ। साथै सेवाग्राहीको सहजताका लागि कर तिर्न विद्युतीय भुक्तानी (E-Payment) सेवाको स्तरउन्नती गरिनेछ।

७२. यस अघि दिइदै आएको राजश्वमा छुट र सहुलियतको व्यवस्थालाई यथावत राखिनेछ।

७३. नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा, सहायता, अनुदान रकम भुक्तानीलाई क्रमश: राजश्व असुलीसँग अन्तरसम्बन्धित बनाई कडाइका साथ लागु गरिनेछ।

७४. नगरपालिकाका विभिन्न विधामा कर तिर्ने ठुला करदाताहरुलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

७५. कानूनत नगरपालिकालाई राजस्व तिर्नु बुझाउनु पर्ने दायित्व भएका व्यक्ति संघ संस्थाको राजस्व वक्यौता रहेको वा राजस्वको दायरामा नआएकालाई नगरपालिकाको तर्फबाट कुनै किसिमका सेवा, कार्यक्रम वा योजना उपलब्ध गराइने छैन।

७६. वडा कार्यालयहरुबाट नै एकीकृत सम्पत्ति कर तथा अन्य राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता प्रदान गरी राजश्व सेवालाई सहज बनाउन आवश्यक सेवा विस्तार गरिनेछ।

## ज. रोजगारी सृजना, स्वरोजगार कार्यक्रम तथा उद्यम विकास :

७७. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत संघीय सरकारसँगको साझेदारीमा सूचीकृत बेरोजगार व्यक्तिहरुको लागि आन्तरीक रोजगारी सिर्जना तथा प्रवर्द्धनात्मक कार्यहरु सञ्चालन गरिनेछ।

७८. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरि अभिमुखीकरण तथा उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

७९. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति सहजिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८०. पालिकास्तरिय योजना तथा कार्यक्रमहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ।

८१. श्रम सस्कृतीको विकास गर्न "श्रमको सम्मान, राष्ट्रको अभियान" सञ्चालन गरिनेछ। साथै जनप्रतिनिधी कर्मचारी समेतको सहभागितामा श्रमदान अभियान सञ्चालन गरिने छ।

८२. समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तथा समुदायस्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

८३. डिजिटल मार्केटिङ, SEO समेतका तालिम सञ्चालन गरिने छ। अप वोर्क, फाइभर,फ्रिलान्सर जस्ता अनलाईन प्लेटफर्ममा आफ्नो सीप उपयोग गरी घरमै बसेर वैदेशिक मुद्रा आर्जन गर्न वा स्टार्ट अप सुरुवात गर्न प्रोत्साहन गर्ने ध्येयले स्थानीयलाई रोजगारी प्रदान गर्ने गरी निर्यातमा आधारित सूचना प्रविधि जन्य उद्यमलाई इन्टरनेट र विद्युत महसुलमा सहुलियत प्रदान गर्ने कार्यक्रम ल्याईनेछ।

८४. वैदेशिक रोजगारी तथा अन्य कारणबाट समस्यामा परेका व्यक्ति तथा तिनका परिवारलाई समुदायस्तरमा गई मनोसामाजिक परामर्श सेवा प्रदान गरिने छ।

८५. रोजगारदाता तथा रोजगारीको अवसरको खोजिमा रहेका व्यक्तिहरुलाई लक्षित गरेर रोजगार मेला कार्यक्रमको आयोजना गरिनेछ।

८६. **"सशक्त र उद्यमी महिला: समृद्ध र समुन्नत पालिका"** अभियानलाई निरन्तरता दिंदै उद्यमिहरुले उत्पादन/निर्माण गरेका वस्तु तथा सेवाहरुको बजारिकरणमा गरिएको सहजिकरणलाई निरन्तरता दिईनेछ।

८७. आवश्यकता र औचित्यको आधारमा विपन्न नागरिकको दैलोमै पुगी वित्तीय साक्षरता तथा उद्यमशिलता सम्बन्धी ज्ञान (Financial Education and Entrepreneurial Knowledge, FEEK) कार्यक्रम सञ्चालन गरि महिला तथा विपन्न नागरिकको वित्तीय पहुँच विस्तार गरिनेछ। साथै तालिम प्राप्त व्यक्तिहरुलाई विउ पुँजी प्रदान गरी उद्यमी बनाउने कार्यक्रमलाई थप परिस्कृत गर्दै कार्यान्वयन गरिने छ।

## २) सामाजिक विकास

### क. शिक्षा, युवा तथा खेलकूदः

#### १ शिक्षाः

८८. विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित गरिनेछ। बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा पुरा गराउन अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमको दिगोपनामा ध्यान दिइनेछ।

८९. कक्षामा बालबालिकाको टिकाउदरमा बृद्धि गर्दै गुणस्तर सुधारको कार्यक्रम सञ्चालन गरिनेछ। बाल विकास केन्द्रलाई शैक्षिक र खेल सामाग्रीको व्यवस्थापन गरी बालमैत्री कक्षाको रुपमा स्थापित गरी नमूना बालविकास केन्द्रको रुपमा विकास गर्दै लगिनेछ।

९०. फरक क्षमता भएका बालबालिकालाई विद्यालय शिक्षामा भर्ना गराई नियमित गराइनेछ। कक्षा सञ्चालनको कारणबाट सामुदायिक विद्यालयमा फरक क्षमताका बालबालिकाको पहुँच नपुग्ने भएमा त्यस्ता बालबालिकालाई नीजि क्षेत्रमा काम गर्ने संघ संस्था सँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। फरक क्षमता भएका विद्यार्थीका लागि आवश्यकताको पहिचान गरी नगरपालिकाबाट उपलब्ध गराउँदै आएको ल्यापटप वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९१. विद्यालयमा विद्यार्थीको नियमितता वृद्धि गर्न, छात्राको उपस्थिति वृद्धि गर्न, तथा कक्षा छाड्ने र दोहोर्याउने दरमा कमी ल्याउन संघीय सरकारबाट प्राप्त हुन आएको दिवाखाजाको कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरण तथा सेनीटरीप्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९२. नगरपालिका भित्रको सामुदायिक कलेजमा स्नातक तहमा अध्ययनरत थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवार भित्रका आर्थिक अवस्था कमजोर भएका छात्राहरुको शिक्षामा समान पहुँच कायम गर्न उक्त समूहका छात्राहरु तथा दलित छात्रहरु समेतलाई स्नातक तह सम्मको अध्ययन पुरा गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।

९३. संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयबाट उपलब्ध गराउने न्यूनतम १० प्रतिशत छात्रवृत्ति विद्यार्थीका लागि सुनिश्चित गरिनेछ। कक्षा ११ मा भर्ना हुने विद्यार्थीका लागि नगरपालिका र विद्यालयबाट पाँच/पाँच प्रतिशतको आधारमा छनोट गरी १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९४. शिक्षकहरुलाई नविनतम प्रविधिसँग सम्बन्धित तालिम, स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धि तालिम तथा प्रश्नपत्र निर्माण र ग्रिड प्रयोगका सम्बन्धमा क्षमता विकास हुने गरी तालिमका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

९५. नविनतम प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी नगरपालिका र सामुदायिक विद्यालयको माध्यमिक तहमा डिजीटल माध्यमबाट कक्षा सञ्चालन हुने गरी विद्यालयहरुलाई स्मार्ट बोर्ड क्रमशःउपलब्ध गराइनेछ ।

९६. सूचना प्रविधिसँग विद्यार्थीलाई अध्यावधिक राख्ने उद्धेश्यका लागि Pilot Project को रुपमा माध्यमिक विद्यालय गवैका कक्षा ११ का विद्यार्थीहरु लाई सर्त सहित ल्याटप प्रदान गरिएको कार्यक्रमलाई निरन्तरता दिदै अन्य विद्यालयमा समेत उक्त कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।

९७. खैरहनी नगरपालिका भित्रका विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भई अध्ययन पुरा गर्न नसक्ने अति विपन्न बालबालिकाको लागि प्रदेश र संघिय सरकारसँगको सहकार्यमा एक स्थानमा आवासीय छात्रावास निर्माण गरीनेछ ।

९८. शिक्षक इन्सेन्टिभ (१०-४) कार्यक्रम अन्तर्गत आफुले अध्यापन गर्ने विषयमा विद्यार्थीले प्राप्त गरेको समग्र विषयगत नतिजामा उच्चतम GPA कायम गराउन सफल शिक्षकलाई कार्यविधिको आधारमा "क" र "ख" वर्गमा विभाजन गरी पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसको लागि IEMIS सफ्टवेयर मार्फत प्रात नतिजाको विश्लेषण गरिनेछ ।

९९. सामुदायिक विद्यालयको आधारभूत र माध्यमिक तहमा विद्यार्थी संख्या सञ्चालित कक्षा र विषयगत दरवन्दीको आधारमा शिक्षक नपुग हुने देखिएमा र लामो अवधिको विदा लिएका शिक्षकको सट्टामा युवा स्वयंसेवक शिक्षक व्यवस्थापन गरी विद्यालयको पठन पाठनलाई नियमित गरिनेछ ।

१००. सामुदायिक विद्यालयको बालविकास कक्षामा आवश्यक्ता अनुसार स्वयंसेवक शिक्षक व्यवस्थापन गर्दा नगरपालिकाबाट मन्टेश्वरी तालिम लिएकालाई प्राथमिकतामा राखिनेछ। साथै संस्थागत विद्यालयमा पूर्व प्राथमिक कक्षाका लागि आवश्यक शिक्षक व्यवस्थापन गर्दा मन्टेश्वरी तालिम लिएका शिक्षकलाई प्राथमिकता दिन पहल गरिनेछ ।

१०१. Six To Six कार्यक्रम अन्तर्गत शैक्षिक उपलब्धी कम भएका विषयको पहिचान गरी कक्षा ८ र १० मा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा सञ्चालको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०२. गृहकार्य कक्षा सञ्चालनको कार्यक्रम अन्तर्गत आधारभूत तह १-५ मा अध्ययनरत दलित, लक्षित वर्ग, सिमान्तकृत समूह तथा अति विपन्न परिवारका विद्यार्थीहरुको अध्ययन क्षमता संगै सिकाई उपलब्धि अभिवृद्धि गर्न त्यस्ता समूहका परिवारको वसोवास रहेको स्थानमा विद्यालय समयको अतिरिक्त समयमा कक्षा सञ्चालन हुने गरी वडा कार्यालय र टोल सुधार समिति मार्फत गरिदै आएको कक्षा सञ्चालनका कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि सम्बन्धित वडा, विभिन्न संघ संस्था संगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यसञ्चालन प्रक्रिया अगाडी बढाइनेछ ।

१०३. SEE उत्तीर्ण गरेका तर कमजोर आर्थिक अवस्थाका कारण विज्ञान विषय पढ्न रुचि भए पनि पढन नसक्ने विद्यार्थीहरुका लागि नगरपालिकाको अनुदानमा खैरहनी माध्यमिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्यापन गराउदै आएको कार्यक्रमलाई नियमित गरिनेछ ।

१०४. भौतिक अवस्था कमजोर भएका विद्यालयका भवन र कक्षाकोठा निर्माण एवम् मर्मत, खानेपानी, शौचालय, कम्पाउण्डवाल र फर्निचर नपुग भएका विद्यालय, ICT को कार्यक्रम, विज्ञान प्रयोगशाला र पुस्तकालयको कार्यक्रम आवश्यक परेका विद्यालयमहरुमा संघीय सरकार र प्रदेश सरकारको कार्यक्रमसंग संयोजन हुनेगरी विद्यालय भौतिक पूर्वाधार विकासको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०५. विद्यालयमा करेसावारी निर्माण गरी उत्पादित तरकारीलाई विद्यार्थीको दिवाखाजामा प्रयोग गर्ने तथा विद्यालय कम्पाउण्ड भित्र फुलवारी निर्माण गर्ने र विद्यालयको हाता भित्र वृक्षारोपण गरी वातावरण संरक्षण गर्न हरित विद्यालय कार्यक्रमलाई अगाडी बढाइनेछ ।

## २ <u>युवा तथा खेलकुद विकासः</u>

१०६. खेलाडीहरुमा रहेको प्रतिभालाई उजागर गर्न र खेलप्रति प्रतिस्पर्धाको भावना जागृत गराउन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, मेयरकप फुटवल प्रतियोगिता, क्रिकेट प्रतियोगिता र अन्य विधागत खेल प्रतियोगिता तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापको कार्यक्रम सञ्चालन गरिनेछ । उत्कृष्ट खेलाडी सम्मान तथा अतिरिक्त अवसर सृजनामा जोड दिइने छ ।

१०७. जनप्रतिनिधि र कर्मचारी बीचको मित्रतालाई प्रगाढ बनाउन सञ्चालन हुदै आएको फुटवल तथा कवड्डी प्रतियोगिता सहित शिक्षकहरुको मैत्रीपूर्ण भलिवल खेल प्रतियोगितालाई निरन्तरता कायम गरिनेछ ।

१०८. नगर खेलकुद विकास समितिको संस्थागत क्षमतालाई अभिवृद्धि गर्दै लगिनेछ । विधागत खेललाई खेलकुद समितिमा सुचिकृत गरी समिति मार्फत खेल प्रतियोगिताको कार्यक्रम सञ्चालनमा ल्याइनेछ । खेलाडीहरुको खेल अवधिको विमाको व्यवस्था मिलाइनेछ । जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा सञ्चालन हुने प्रतियोगितामा सहभागी हुने खेलाडीको छनौट र सहभागिताका सम्बन्धमा नगर खेलकुद समितिलाई जिम्मेवार बनाइनेछ ।

१०९. नगरपालिका भित्र कभर्डहल निर्माण गर्ने कार्य सम्पन्न गरिने छ ।

११०. नागरिकको स्वास्थ्य समेतलाई मध्ये नजर गरी नगरपालिका भित्र एक वार्ड एक ओपन जिम योजनालाई बिस्तार गरिने छ ।

## ख. स्वास्थ्य

१११. प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक एवं प्रशामक (Palliative) स्वास्थ्य सेवामा सबै नगरबासीको सर्वव्यापी पहुँचको अवधारणा अनुरुप विस्तार गर्न "**निरोगी खैरहनी अभियान**" संचालन गरिनेछ ।

११२. निशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवालाई प्रत्याभूत गरि आधुनिक चिकित्सा प्रणाली सहित आयुर्वेद,योग तथा प्राकृतिक चिकित्सा सेवा समेतको विस्तार गरि नगरवासीको स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र सीपलाई विकास गर्नका लागि आवश्यक जनचेतना अभिवृद्धि, सुचना सम्प्रेषण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

११३. महामारीको रोकथाम, नियन्त्रण र उपचारको लागि औषधी, उपकरणहरु तथा सुरक्षा सामग्रीहरुको यथेष्ट व्यवस्थापन गरि पूर्व तयारी गरिनेछ ।

११४. बा-आमा स्वास्थ्य कार्यक्रमलाई **"म स्वस्थ, मेरो समुदाय स्वस्थ"** राष्ट्रिय नीति कार्यक्रम अनुरुप समय सापेक्ष हुने गरि सुधार र परिष्कृत सेवाहरु सहित निरन्तरता दिईनेछ।

११५. बिभिन्न किसिमका सर्ने, नसर्ने रोग परीक्षण, मानसिक स्वास्थ्य प्रवर्धन र उपचार सम्बन्धी एकिकृत स्वास्थ्य शिविर संचालन गरिनेछ। महिलाहरुको प्रजनन् स्वास्थ्य समस्याहरुको परीक्षण तथा उपचार सेवालाई निरन्तरता दिदै पुरुषहरुमा हुने प्रोष्टेट क्यान्सरको निदानको लागि प्रोष्टेट क्यान्सरको आधारभुत स्क्रिनिङ्ग तथा परीक्षण सेवा को सुरुवात गरिनेछ ।

११६. मातृ शिशु स्याहार प्रवर्धन गर्न खैरहनी नगर अस्पतालबाट प्रदान हुने संस्थागत सुत्केरी सेवालाई थप प्रोत्साहित गर्ने तथा सुत्केरी सेवा लिन आउने तथा सेवा लिई फर्किने आमाहरुको लागि नगरपालिकाको तर्फबाट संचालित एम्बुलेन्स भाडा निशुल्क हुने गरि **"उप-मेयर गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम"** लाई आवश्यकता बमोजिम विस्तार गरिनेछ । यस आ.व को सुरुवातबाट नै सामुदायीक भिडियो एक्सरे सेवालाई कार्यतालिका बनाई संचालन हुने व्यवस्था मिलाईनेछ ।

११७. लामो अवधिको परिवार योजनाका साधनको पहुँच र उपयोगलाई अभिवृद्धि गर्दै बच्चाको रहर पुगेका दम्पतीहरूको लागि स्थायी बन्ध्याकरण घुम्ती शिविर संचालन गरिनेछ ।

११८. **"सबै नीतिमा स्वास्थ्य नीति"** कार्यान्वयन गर्दै लागु पदार्थ दुर्व्यसनी, लैगिंक हिंसा, मनोसामाजिक विचलन, यौन तथा प्रजनन स्वास्थ्य लगायतका समस्यामा सहज पहुँच र पहिचानका लागि स्वास्थ्य सेवा प्रवाहलाई किशोर किशोरी मैत्री सेवाको रुपमा विकास गर्ने नीति लिइनेछ ।

११९. स्वास्थ्य संस्थाहरुबाट मोतीविन्दु, दृष्टिदोष जस्ता समस्याको समयमै पहिचान गर्न मोतीविन्दुको स्कृनिङ्ग सहित आँखाको आधारभुत परीक्षण सेवा सुरुवात गरिनेछ ।

१२०. खैरहनी नगर अस्पतालको भवन निर्माण सम्पन्न गरी २४ घण्टे इमर्जेन्सी सेवा, प्रसुती सेवा, प्रयोगशाला सेवा, फार्मेसी सेवा सहितको विशेषज्ञ सेवा विस्तार गर्दै लगिनेछ । मुख तथा दाँत स्वास्थ्य सम्बन्धी डेन्टल सेवा तथा हिरालाल सन्तुदेवी प्रधान नेत्र विज्ञान अध्ययन संस्थान पर्सा आँखा उपचार केन्द्र खैरहनीसँगको सहकार्यमा आँखा उपचार सेवालाई विस्तार गर्न आवश्यक बजेट तथा जनशक्ती व्यवस्थापन गरि विशेषज्ञ स्वास्थ्य सेवालाई विस्तार गर्दै लगिनेछ ।

१२१. स्वास्थ्य संस्थाहरुको दक्ष स्वास्थ्यकर्मी सहित स्वास्थ्य संस्थाहरुको भौतिक तथा प्राविधिक पूर्वाधार विकास गर्दै प्राथमिक अस्पताल तथा स्वास्थ्य चौकिहरुमा न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) लाई कडाईका साथ लागु गरिनेछ ।

१२२. स्वास्थ्य सेवाको नियमित स्वास्थ्य नियमन प्रणाली, जनस्वास्थ्य विपद् पुर्वतयारी तथा प्रतिकार्यलाई सुदृणिकरण गरी तथ्यांक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउँदै लैजान एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

१२३. बहुक्षेत्रीय पोषण योजना तथा पोषणमैत्री स्थानीय शासन प्रबर्धन कार्यान्वयन गर्न आवश्यक सुचकमा दिगोपना कायम राख्न अत्यावश्यक स्वास्थ्य प्रोफाईल निर्माण गर्न आवश्यक प्रबन्ध गरि पोषण विशेष कार्यक्रम र पोषण संवेदनशिल कार्यक्रम संचालन गरिनेछ।

१२४. नगरपालिकामार्फत विपन्न तथा कुपोषित बालबालिकाको लागि **"विपन्न बालबालिका पोषण कार्यक्रम"** अन्तर्गत **"एक गिलास दुध, एक अण्डा"** कार्यक्रमलाई थप विस्तार गरि सञ्चालन गरिनेछ।

१२५. नगरबासीको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्नका लागि विपन्न परिवारका लागि स्वास्थ्य विमा अनुदान कार्यक्रम लाई आवश्यक कानुनी सुधार गर्दै विस्तार गरिनेछ।

१२६. नगरपालिकाले विपन्न बिरामीलाई प्रदान गर्ने आर्थिक सहयोगलाई व्यवस्थित गर्न आवश्यक कानुन तर्जुमा गरि कार्यक्रम व्यवस्थापन गरिनेछ। नगरबासीलाई उपचारमा आवश्यक पर्ने रगत विरामीले निशुल्क प्राप्त गर्न सक्ने गरि संचालित कार्यक्रमलाई निरन्तरता दिइनेछ। डायालाइसिस तथा एच्आई भी भएका व्यक्तिहरुलाई उपचार सहुलियतको लागि प्रदान गरिने यातायात खर्चलाई निरन्तरता दिईनेछ।

१२७. प्रदेश सरकार सँगको साझेदारीमा एक स्थानीय तह, एक नमुना स्वास्थ्य संस्था र एक विद्यालय एक नर्स कार्यक्रम लाई निरन्तर संचालन गरिनेछ। विद्यालय स्वास्थ्य तथा पोषण सबै सामुदायिक-संस्थागत विद्यालयमा विस्तार गर्न विद्यालय नर्स कार्यक्रमलाई सबै सामुदायिक विद्यालयहरुमा विस्तार गर्दै संस्थागत विद्यालयहरुमा समेत कार्यक्रम कार्यान्वयन गर्न आवश्यक प्रबन्ध गरिनेछ।

१२८. "स्वास्थ्य संस्था जन्य फोहोर मैला व्यवस्थापनका लागि आवश्यक समन्वय र सहजीकरण गरि स्वास्थ्य संस्थामा उत्पन्न हुने फोहोरलाई अलग्गै संकलन, निर्मलीकरण र उचित व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापनमा खटिने कर्मचारीहरुको लागि आवश्यक सर-सामाग्री तथा तालिमको प्रबन्ध गरिनेछ।

१२९. बदलिदो आधुनिक चिकित्सा एवं प्रविधिमैत्री हुने गरि स्वास्थ्यकर्मी, कर्मचारी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका,स्वास्थ्य कार्यकर्ताको क्षमता अभिवृद्धि गर्दै लगिने छ। नगरपालिकाको तर्फबाट महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आइएको मासिक यातायात खर्चलाई निरन्तरता दिई सेवा निवृत हुने महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरिनेछ। उत्कृष्ट कार्य सम्पादन गर्ने स्वास्थ्यकर्मीलाई यथार्थपरक कार्य सम्पादनका आधारमा तालिममा मनोनयन, पुरस्कार एवं प्रोत्साहनको व्यवस्था गरिनेछ।

**ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

१३०. लैङ्गिक हिंसा न्युनिकरणका लागि विभिन्न समुदायिक संस्थाहरुसंग समन्वय र सहकार्य गरी समुदाय स्तरमा लैङ्गिक हिंसा बिरुद्ध सचेतना अभियान संचालन गरिनेछ।

१३१. खैरहनी नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त वडा तथा नगर घोषणाको गरिनेछ।

१३२. जेष्ठ नागरिकको हक अधिकार र सम्मानका लागि मौलिक ज्ञान र सीपको अन्तर पुस्ता हस्तान्तरणको वातावरण सृजना गरिने छ । जेष्ठ नागरिक परिचय पत्र वितरण र अभिलेखिकरणको कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ ।

१३३. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, दलित लगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर जागरण मुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

१३४. अपाङ्गता भएका नगरवासीलाई सम्मानपूर्ण र आत्मनिर्भर जीवनयापनको सुनिश्चता गर्न नगरपालिका भित्रका भौतिक संरचनालाई अपाङ्गता मैत्री बनाउँदै मागमा आधारित आयमूलक र उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

१३५. नगरस्तरिय जेष्ठनागरिक मञ्च, बालसमूहहरू,जनप्रतिनिधि तथा आमा समुहको क्षमता अभिवृद्धिको अभियान सञ्चालन गरि सामाजिक पुजिको परिचालन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ. सामाजिक सुरक्षा तथा संरक्षण :**

१३६. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुले सहज तरिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरी बैंकहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१३७. सामाजिक न्याय आवश्यक पर्ने सबैलाई समावेशिताका आधारमा सेवा तथा सुविधाहरु प्रदान गरिनेछ ।

**ङ. भूमि व्यवस्था**

१३८. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको जग्गा नाप नक्साको हालसम्म भएको कार्यको दस्तावेजिकरण गरिनेछ भने भूमी आयोग गठन भएपश्चात नापजाँचको कार्य पुन सूचारु गरिनेछ ।

१३९. नगर विकास योजना अन्तर्गत रहि भूमि वर्गिकरणको कार्य आ.व. २०८२/८३ मा सम्पन्न गरिनेछ ।

१४०. भु-उपयोग नक्सांकन गरी उपयुक्त भौगोलिक बनौट समेतलाई ध्यानदिई पूर्वाधार तथा संरचनाहरुको विकास गरिनेछ ।

## ३) पूर्वाधार विकास :

### क. यातायात पूर्वाधार

१४१. चैनपुर चोकमा नगरको पहिचान झल्काउने गरी आकर्षक गेट निर्माण, खैरहनी नगरभित्र बहुउद्देश्यीय खेलकुद र अन्य कार्यक्रम सञ्चालन गर्न सकिने कवर्ड हल निर्माण, वडा नं. ६ मा निर्माणाधिन बालउद्यान, डिज्नी पार्क नजिकै बुढीराप्ती खोलामा मोटर बोट सञ्चालन गर्ने गरी ब्यारेज निर्माण जस्ता क्रमागत योजनाहरूको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ ।

१४२. खैरहनी पुरानो पर्सा–मझुई–शान्तिबजार सडक, पर्सा हुँदै मझुई बाटो नाला सहितको सडक स्तरोन्ती, विन्दबासीनी चोक–वडा नं. ४ कार्यालय सडक, मगनी ज्यामीरे चोक–सिमलघारी–कंकाली मार्ग,

खैरहनी ८–धुसरी लदरी खोला–उनान्टोल चौविसकोठी सडक, सिमलटाँडी–राप्ती नगरपालिका सीमा सडक, लालटिन बजार–सुर्तना–बडगाउँ सडक, खैरहनी शान्तिबजार–कठारबजार–राप्ती खोला मार्ग, सिसहानी–कुमरोज–गवै–हर्नरी हात्ती काउन्टर सडक, बुढौली चोक–गौवा सडक, वडा नं. ५ कार्यालय–वडा नं. १ ज्यामीरे सडक, वडा नं. ११ कार्यालय अगाडिको सडक, वडगाउँ–कपिया सडक, बैरहनी–उत्तर सडकजस्ता विभिन्न स्थानका अधुरा नाला निर्माण तथा सडक स्तरोन्नती कार्यहरू सम्पन्न गरिनेछ।

१४३. बुढौली–खैरहनी–५ हुँदै १३ गौवा–गवै हुँदै कुमरोज–भोलाचोक–सिसेनी चोक सडक स्तरोन्नती कार्यहरू वडा नं. ५, १२ र १३, विन्दबासीनी दराई बस्तीदेखि वडा नं.४ कार्यालय हुँदै गैडे आहाल सडक स्तरोन्नती वडा नं. २, ३ र ४, साथै वडा नं. ८ मगनी गाउँदेखि धुसेरी लदरी पुल हुँदै उनान्टोल सम्म नाला सहितको बाटो निर्माण गरिनेछ।

१४४. मगनी घोलको निर्माणकार्य यसै वर्ष सम्पन्न गरिनेछ साथै धुसरी जलाशय संरक्षणको कार्य अगाडी बढाईनेछ।

१४५. पूर्वाधार निर्माण सम्बन्धी योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा सकेसम्म थोरै संख्यामा बढी भन्दा बढी जनसंख्या, आर्थिक, सामाजिक र भौगोलिक क्षेत्र समेट्ने स्थानीय स्रोत साधनको उपयोग हुने तथा रोजगारीको अवसर सिर्जना गर्ने विषयलाई विशेष ध्यान दिइने छ।

१४६. बीसलाख भन्दा बढीलागतका आयोजनाहरु प्रतिस्पर्धात्मक खरिद विधि तथा प्रक्रिया मार्फत कार्यान्वयन गर्ने नीति अबलम्बन गर्दै उपभोक्ता समितिद्धारा सम्पादित गरिने योजनाहरुमा उपभोक्ता समितिको श्रमदान तथा लागत साझेदारीलाई अझै प्रभावकारी गरिनेछ साथै श्रमदान अनुकुलता हुने भौतिक पूर्वाधार निर्माणमा नगरपालिका सहित स्थानीय सरोकारवालाहरुको समन्वय र सहकार्यमा श्रमदानद्धारा योजना सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।

१४७. नगरस्तरीय र ठुला प्रकृतिका आयोजना सञ्चालन गर्दा सम्बन्धित उपभोक्ता समुदायको वा लाभग्राहीहरुको बढी भन्दा बढी लागत (नगद) साझेदारी वा योगदानमा आधारित र स्वदेशी निर्माण समाग्रीहरुको प्रयोग गर्न सकिने आयोजनाहरुलाई प्राथमिकताका साथ छनौट गरी सञ्चालन गर्ने कार्यलाई निरन्तरता गरिनेछ।

१४८. उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने नियमित आयोजनाहरुको हकमा उपभोक्ता समितिको योगदानलाई अझ व्यवस्थित गरी एकरुपता कायम गरिनेछ र सोही आधारमा आयोजना सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४९. योजना सञ्चालन कार्यलाई सहज, व्यवस्थित र गुणस्तरीय बनाउन उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम सञ्चालन कार्य निरन्तरता गरिनेछ।

१५०. नगरस्तरिय आयोजना छनौट गर्दा आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, कार्यस्थलमा कुनै बाधा विवाद नरहेको योजना छनोट गर्ने तथा उल्लेखित अध्ययनहरुका आधारमा आयोजना छनौट गरी सोही अनुसार कार्यान्वयन गर्ने नीति लिइनेछ।

१५१. नगर गौरवका योजनाहरुलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ।

१५२. खैरहनी नगरपालिकाका वडा नं. २,३,४,१०,११,१२ र १३ का नगरवासीलाई सार्वजनिक यातायातमा भएको असहजतालाई न्युनिकरण गर्न नगरपालिकाको लगानीमा घुम्ती ई-रिक्सा सेवा व्यवस्था गरिनेछ।

१५३. नगरस्तरीय योजना बैङ्कमा प्राप्त अनुमानित बजेट २० लाख भन्दा ठुला बजेट आवश्यकपर्ने योजनाहरुको हकमा आवश्यकता अनुसार पूर्व सम्भाब्यता अध्ययन, सम्भाव्यता अध्ययन तथा

DPR तयार गरिनेछ र सोहि अधारमा संघ, प्रदेश र नगरपलिका बाट बजेट व्यवस्थापन गरी क्रमशः सञ्चालन गरिनेछ।

१५४. नगरक्षेत्र भित्रका सडकहरु कालोपत्रे वा स्तरउन्नती गर्दा संघीय तथा प्रदेश सरकारद्वारा जारी गरिएका ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा नीति अवलम्बन गरिनेछ।

१५५. योजना छनोट गर्दा एक भन्दा बढि वडा समेट्ने आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१५६. पूर्वाधार निर्माण सम्बन्धी आयोजना तर्जुमा गर्दा बाल मैत्री, अपाङ्ग मैत्री र वातावरण मैत्री प्रावधानलाई समावेश गरि कार्यान्वयन गरिने छ।

१५७. निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापनका लागि मर्मत सम्भार कोष सञ्चालन एवं पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन गरिनेछ।

१५८. निर्माण सम्पन्न भएका ५० लाख भन्दा बढि बजेट लागानि भएका आयोजनाहरुको प्रभाव मुल्याङ्कन एवं दिगोपना योजना तयार गरी कार्यान्वयन गर्ने तथा सोही आधारमा आगामि वर्षको योजना तर्जुमा गर्ने नीति लिइनेछ।

१५९. नगरस्तरीय यातायात गुरुयोजनाले निर्दिष्ट गरेबमोजिमका नगरस्तरिय सडकहरुको सडक स्रेस्ता तयार गरी सोही आधारमा सडक मर्मत तथा स्तरोन्नती गर्ने नीति अवलम्बन गरिनेछ।

१६०. नगर क्षेत्रमा निर्मित पूर्वाधारहरुको Computerized Data Base तयारगर्न आवश्यक Software व्यवस्थागरी पूर्वाधार विकास निर्माण कार्यको एकिकृत अभिलेख प्रणाली तथा प्रतिवेदन तयार गर्ने व्यवस्था गरिनेछ। नगरका स्वीकृत वार्षिक योजनाको समग्र कार्यान्वयन स्थिति मूल्याङ्कन गर्ने र मूल्याङ्कन प्रतिवेदनका अधारमा आगामी बर्षको योजना तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ।

१६१. नगरपालिकामा हुने विकास आयोजनाको निर्माण र निर्माण सामाग्रीहरुको गुणस्तर सुनिश्चित गर्न नगरपालिका सँग जोडिएका अन्य स्थानीय तहहरुसँग, निर्माण सम्बन्धी एक संयुक्त आधुनिक प्रविधियुक्त प्रयोगशाला स्थापना गर्न समन्वय तथा सहकार्य गरिनेछ।

१६२. उच्च तथा दिगो आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीलाई प्रवर्धन गरिनेछ। सडक तथा पुलको निर्माण, सम्भार र परिचालनमा तीन तहका सरकारहरुको बीच समन्वय र सहकार्य गरिनेछ।

१६३. **"नियमित मर्मत सम्भार: दिगो सडकको आधार"** अन्तर्गत खैरहनी नगरपालिका द्वारा निर्मित सडकहरुको नियमित मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। उपभोक्ता समितिद्वारा निर्माण सम्पन्न आयोजनाको दिगो संचालन र व्यवस्थापनको लागि १% मर्मत सम्भार खर्च सम्बन्धित योजनाबाट कट्टा गरि मर्मत सम्भार कोष सञ्चालनमा ल्याइनेछ।

१६४. दिगो तथा वातावरणमैत्री सडक संचालनका लागि सडक हेरालु कर्मचारीको व्यवस्था गरिनेछ।

१६५. सडक पूर्वाधार निर्माण गर्दा हरित सडक अवधारणालाई प्रयोगमा ल्याइ सडक निर्माण पूर्व लागत अनुमान तयार गर्दा कुल लागतको कम्तिमा ५ प्रतिशत रकम सडक वृक्षारोपणमा समावेश गरिनेछ।

१६६. अत्यावश्यक बाहेकको सडक नाला निर्माणमा नयाँ प्रविधिमैत्री पानीको पुनर्भरण (Rain Water Harvesting) प्रविधि प्रयोगमा ल्याइनेछ साथसाथै नालाबाट निस्काशित पानीलाई शुद्धिकरण गरी पुनर्भरण गरिनेछ।

१६७. खैरहनी-सिसाहनी, सिसहनी-सुर्ताना, सुर्ताना-सुर्तेनी, सुर्तेनी-बस्ताकोटी टोल, नमुना वस्ती, मगनी-होलिल्याण्ड रोड, चैनपुर चोक र तुलसीपुर लाई बिशेष बजार क्षेत्र बनाउने उदेश्यका साथ पूर्वाधारहरुको विकास गरिनेछ।

**ख. भवन, आवास तथा सहरी विकास**

१६८. भवन ऐन २०५५ र भवन संहिता २०६० अनुरूपको व्यवस्थालाई कार्यान्वनमा ल्याउन तयार गरिएको खैरहनी नगरपालिकाको भवन निर्माण संहिता तथा योजना मापदण्ड २०७६ बमोजिम नयाँ घर/भवन तथा भौतिक संरचना निर्माण गर्न स्वीकृति दिईने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१६९. वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन-२०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए अनुसार घर/भवन तथा भौतिक संरचनाहरुलाई चरणवद्ध तरिकाले निर्माण गर्न स्वीकृति दिईने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१७०. २०७२ साल भन्दा अगाडी निर्माण भईसकेका घर/भवन तथा भौतिक संरचनाहरुलाई खैरहनी नगरपालिकाको भवन नियमित गर्ने सम्बन्धि कार्यविधि २०७५ अनुसार उक्त संरचनाहरुको दर्ता/अभिलेख यथावत अवस्थामा प्रमाणित गरि राख्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७१. खैरहनी नगरपालिकाको भवन नियमित गर्ने सम्बन्धी कार्यविधि -२०७५ (पहिलो संशोधन–२०८०) मा व्यवस्था भए अनुसार नगरपालिका स्थापना भएपछि वा स्थापना हुनु अगाबै बनेको घर/भवन तथा भौतिक संरचनाहरुको हाल नगरपालिकाले निर्धारण गरेको बाटोको क्षेत्रअधिकार भित्र परेको खण्डमा त्यस्ता घर/भवन तथा भौतिक संरचनाहरुको अभिलेख प्रक्रिया गर्दा उक्त क्षेत्रअधिकार भित्र परेको भाग नेपाल सरकार वा नगरपालिकालाई सार्बजनिक प्रयोजनको लागि आवश्यक परेको खण्डमा तत्काल जग्गाधनी स्वयमले आफ्नै खर्चमा हटाउने शर्तमा हाललाई यथास्थितिकरण कायम गरी अभिलेख राख्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७२. घर नक्सा सम्बन्धी पुराना फाइलहरुलाई व्यवस्थित गर्न अभिलेख (File Digitalization) प्रणाली विधि तथा घर/भवन नक्सापास प्रक्रियालाई EBPS Version 2 मार्फत नक्सापास गर्ने कार्यलाई निरन्तरता दिईनेछ र सेवाग्राहीहरु तथा निर्माणकर्मीहरुलाई चरण-चरणमा घर नक्सा प्रक्रिया बारे सूचना प्रदान गर्न सन्देश E-message प्रणाली लागु गरिनेछ।

१७३. निर्माण भएका घर/भवनहरुको नयाँ नक्सापास, अभिलेखिकरण तथा यथास्थितिकरण गर्दा अनिवार्य GPS (Global Positioning System) Google Co-ordinate location बाट Location Track गरी उक्त नक्साको लोकेसन प्लानमा राखे प्रकियालाई निरन्तरता दिईनेछ।

१७४. निर्माण भएका घर/भवनहरुको नयाँ नक्सापास, अभिलेखिकरण तथा यथास्थितिकरण गर्दा अनिवार्य रुपमा त्यस्ता घर/भवन तथा भौतिक संरचनाहरुको निर्माण सम्पन्न प्रमाण-पत्रमा QR-Code राखी उक्त QR-Code बाट सम्पूर्ण जानकारी पाउने व्यवस्थालाई निरन्तरता दिईनेछ

१७५. नगरपालिकामा रजिस्ट्रेसन गरिएका निर्माणकर्मी, निर्माण व्यवसायी तथा परामर्शदाता/कन्सल्टेन्सिहरुलाई व्यवस्थित मर्यादित र कानूनी प्रक्रियामा ल्याउन समयानुसार घर/भवन तथा भौतिक संरचना सम्बन्धी थप आवश्यक तालिम उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१७६. भवन निर्माण क्षेत्रमा एकरुपता ल्याई व्यवस्थित बनाउन स्थानीय मौलिकता र वास्तुकलाको संरक्षणमा जोड दिइनेछ।

१७७. खैरहनी नगरपालिका अन्तर्गत निर्माण सम्पन्न सामुदायिक तथा सरकारी भवनहरुको नक्सा पास र अभिलेख राख्ने कार्यको सुरुवात गरिनेछ।

१७८. वातावरणमैत्री र हरित प्रविधिमैत्री आवास तथा भवनहरु निर्माण गर्न नगरपालिका द्वारा समन्वय तथा सहजिकरण गरिनेछ।

**३. वन वातावरण, विपद व्यवस्थापन र सरसफाई क्षेत्र तर्फ**

**क. वातावरण संरक्षण:**

१७९. नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुबाट कटान हुने अवस्था अत्याधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्यलाई प्राथमिकताको साथ कार्य गरिनेछ।

१८०. वृक्षारोपण, सरसफाई, जनचेतनामुलक कार्य गर्ने स्थानीय संघ, संस्था, क्लब र टोल विकास संस्थालाई प्रोत्साहित गरिनेछ र वातावरण तथा सरसफाईको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संस्था वा व्यक्तिलाई पुरस्कारको व्यवस्था गरिनेछ।

१८१. ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन नियमका प्रावधान अवलम्वन गरिने छ।

१८२. नगर गौरवका सडकहरु निर्माण गर्दा वातावरण संरक्षण सम्बन्धी कार्यलाई समेत लागत अनुमानमा समावेश गर्ने व्यवस्था मिलाईनेछ।

१८३. नगरपालिकाको बिभिन्न वडाहरुको खोला र कुलोमा लाईनिग, बैंक प्रोटेक्सन (Bank Protection), ड्यक( Dyke) निर्माण तथा सरसफाई कार्यलाई नियमित प्राथमिकता दिईनेछ।

१८४. नगरपालिका क्षेत्र भित्र खानेपानी, वायुस्तर, ध्वनीस्तरको वातावरण गुणस्तरको नियमित परीक्षण गर्ने प्रवन्ध गरिनेछ।

१८५. नगरपालिका क्षेत्र भित्र हुने विपदको घटनाको ८०% कारक जलवायु परिवर्तन भएकाले, खैरहनी नगरपालिका क्षेत्रका जलवायु अनुकुलन पद्दतिको विकास र अभ्यासमा जोड दिइने छ।

१८६. मानव र वन्यजन्तु बिचको सम्बन्धमा समायानुकुल सुधारका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ। वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्ने सिमानामा कंक्रिट वाल तथा तारजाली लगाइने कार्यलाई थप तिव्रता दिइने छ।

१८७. खैरहनी नगरपालिकाको रहेको बिभिन्न खोलाहरुमा खोला सौन्दर्यकरण तथा हरियाली प्रवधनको लागी आवश्यक बिरुवा रोपी तथा सरसफाई गरी वृक्षारोपणमा अन्तर निकाय सहकार्य र समन्वय गरिने छ।

**ख. विपद तथा प्रकोप व्यवस्थापन**

१८८. खैरहनी नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखाको अगुवाईमा आगलागी नियन्त्रणको लागि बिभिन्न वडामा फायर ब्रिगेड पोइन्टको जडानको कार्यलाई निरन्तरता दिईने छ।

१८९. आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँच विस्तार गरिने छ।

१९०. विपद् र प्रकोप पिडितहरुका लागि उद्दार हेतु अत्यावश्यक कार्यक्रम तथा दिईदै आएको राहत र सहयोगलाई निरन्तरता दिइने छ।

१९१. नगरपालिका क्षेत्रभित्र हुने विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन Local Emergency Operation Centre (LEOC) सवलिकरण गरिने छ।

१९२. विपद् व्यवस्थापनका लागि सवै वडाहरुमा रहेको केही खुल्ला सार्वजनिक स्थलहरुको पहिचान गरी सार्वजनिकरण गरिने छ ।

१९३. वातावरण तथा विपद् व्यवस्थापनका लागि आबश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाइने छ ।

१९४. खैरहनी नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र विपद पूर्वतयारी तथा प्रतिकार्य योजनालाई हरेक योजनासँग जोडेर मुलप्रवाहिकरण गरिनेछ ।

१९५. खैरहनी नगरपालिकाको विपद जोखिम पहिचान, नक्साकन र जोखिमको विश्लेषण सहितको विपद सूचना व्यवस्थापन प्रणाली – विपद पोर्टलको स्तर उन्नति गरिने छ ।

१९६. विपद् र बिकासमा युवा परिचालनको नीति लिइने छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सबै वडाहरुमा युवा स्वमसेवकहरु परिचालन तथा व्यवस्थापन गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१९७. भवितव्य आउन सक्ने विपद् व्यवस्थापन गर्न विद्यार्थी र नगरवासी बीच विपद् पूर्व तयारी प्रतिकात्मक अभ्यास सहितको प्रभावकारी कार्यक्रम संचालन गरिने छ ।

१९८. विपद प्रतिकार्य कार्यदल गठन गरि विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ

### ग. फोहोरमैला व्यवस्थापन र सरसफाई

१९९. फोहोरलाई मोहोरमा परिणत गर्न फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग र फोहोर वर्गीकरणमा 3R Principle (Reduce, Recycle र Reuse )लाई प्रयोगमा ल्याइने छ ।

२००. नगरपालिकाको सुन्दरता र वातावरणीय स्वच्छताका लागि फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइने छ । फोहोरलाई स्रोतमा वर्गीकरण गर्ने, प्राङ्गारिक मल बनाउने जस्ता नविनतम प्रविधिलाई आत्मसात गरिने छ ।

२०१. नगरक्षेत्र भित्रका विभिन्न संघसंस्था, सामुदायिक विद्यालयहरुलाई आवश्यकताका आधारमा डस्टबिन वितरण गरिने छ ।

२०२. नगरपालिका क्षेत्रको १३ वटा वडाकै टोल विकास संस्थाका प्रतिनिधिज्यूहरुलाई घर भित्रको फोहोर व्यवस्थापन अन्तर्गत छुट्टाछुट्टै जैविक/अजैविक गरी वर्गिकरण गर्न लगाउने, फोहोर न्यूनीकरण, जैविक फोहोरबाट कम्पोष्ट मल बनाउने कार्य गर्नका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२०३. नगरपालिका क्षेत्रको मुख्य बजारक्षेत्रहरुमा फोहोरमैला व्यवस्थापन रविशेष सरसफाईलाई ध्यानमा राखी दैनिक सरसफाई अभियानलाई बृहत बनाइनेछ ।

२०४. खैरहनी नगरपालिका भित्र पलाष्टिकजन्य बस्तुको प्रयोगमा न्यूनीकरण ल्याउनको लागि थप कदम चालिनेछ ।

२०५. पालिकासँग सिमाना जोडिएका स्थानीय तह तथा निजि क्षेत्रसँग साझेदारी गरी फोहोरमैला व्यवस्थापनको दिगो प्रवन्ध गरिने छ ।

## ४. सुशासन, पारदर्शिता तथा संस्थागत विकास

### क. सूचना प्रविधि

२०६. नगरपालिका र वडा कार्यालयले प्रदान गर्ने सेवा, सुविधा, परामर्शहरु सूचना प्रविधिको माध्यमबाट जनसमुदाय/सेवाग्राही समक्ष पुर्याउनको लागि नगरपालिका लगायत सम्पूर्ण वडा कार्यालयमा डिजिटल बोर्डको व्यवस्थापन गरिनेछ।

२०७. नगरपालिका भित्रका सम्पूर्ण बिद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक पहल गरिनेछ।

२०८. खैरहनी नगरपालिकाको स्थानीय प्रशासन तथा प्रहरी प्रशासनलाई नियमन गर्न सहयोग लागि नगरपालिका भित्र सुरक्षाका दृष्टिकोणले सम्वेदनशिल क्षेत्रहरुमा Surveliance System थप गरि क्यामरा जडान कार्यलाई निरन्तरता दिईनेछ।

२०९. तथ्यांक भण्डारको लागि राष्ट्रिय तथ्यांक प्रोफाइलमा नियमित अद्यावधिक गरिनेछ।

२१०. नगरपालिका/वडा कार्यालय/स्वास्थ्य क्षेत्रबाट हुने सेवा प्रवाहलाई थप सरल या गुणस्तरीय बनाउनको लागि प्रविधि मैत्री तालिम तथा सूचना प्रविधिमा जोड दिइनेछ।

२११. स्थानीय शासनलाई डिजिटल रूपान्तरण गर्दै समुचित शहरी योजना, सेवा प्रवाह र नागरिक अभिलेखीकरणलाई सुदृढ बनाउन सबै घरधुरीमा QR कोडसहितको युनिक घर नम्बर प्रदान गरीने कार्य सुचारु गरिनेछ।

२१२. सम्भाव्यताको आधारमा उपयुक्त स्थानहरुको छनौट गरि सम्बन्धित निकायको समन्वयमा Free WIFI Zone को व्यवस्था गरिनेछ।

२१३. खैरहनी नगरपालिका भित्र रहेका प्राविधिक शिक्षालय सँग समन्वय गरि विधुतीय शासन प्रवर्द्धनको कार्य संचालन गरिनेछ। नगरपालिकाको मोबाईल एपलाई थप परिस्कृत र अद्यावधिक गरिने छ।

## ख. सुशासन र संस्थागत विकास

२१४. भ्रष्टाचार र अनियमितताका सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ। पारदर्शिता र जवाफदेहिताका औजारहरुको प्रभावकारी प्रयोग गर्दै नगरबासीलाई सुशासनको सुखानुभुति प्रदान गरिने छ।

२१५. कृतिम वौद्धिकता, क्लाउड कम्युटिङ, ब्लकचेन प्रविधि (Blockchain Technology) र रोबोटिक्स जस्ता आधुनिक प्रविधिको सदुपयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिक अपेक्षा केन्द्रित, सहज र गुणस्तरीय गराईनेछ।

२१६. नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई एकीकृत स्वचालित प्रणालीमा आवद्ध गरि विधुतीय शासन (E-Governance) र न्युन कागज प्रयोग (Less Paper Governance) विधि अवलम्बन गर्दै डिजिटल नगरपालिकामा रुपान्तरण गरिनेछ।

२१७. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको अबलम्बन गर्दै कर्मचारीहरुको मनोबल बढाउन आवश्यक व्यवस्था गरिनेछ।

२१८. नगरपालिकाबाट सम्पादन हुने कार्यक्रम तथा आर्थिक कारोबारको मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ।

२१९. नगरभित्रका तथ्यांकहरु व्यवस्थित गर्न तथ्यांक उपशाखालाई थप व्यवस्थित गरिनेछ।

२२०. सेवाग्राहीलाई सहजताका लागि प्राय सेवाहरु वडा कार्यालयबाट नै प्रवाह गर्ने व्यवस्था मिलाईनेछ। वडाबाट प्रवाह हुने सेवालाई क्रमश: विस्तार गर्दै लगिनेछ।

## घ. न्याय तथा मेलमिलाप

२२१. न्यायमा पहुँच अभिबृद्धिका लागि सामुदायिक कानुनी घुम्ती शिविर सञ्चालन गरिनेछ। विद्यालय तहमा कानूनी साक्षरता कार्यक्रम कार्यान्वयन गर्न विद्यालयहरुसंग सहकार्य र समन्वय गरिने छ।

२२२. मेलमिलाप कार्यसम्पादनको प्रभावकारीताको लागि मेलमिलापकर्ताको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ।

२२३. विपन्न तथा सिमान्तकृत समुदायलक्षित न्यायिक तथा कानूनी परामर्श सेवालाई निरन्तरता दिइनेछ।

२२४. वडा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित, प्रभावकारी र समुदायको पहुँचमा जोड दिइनेछ।

**नगर सभाका सदस्यहरु,**

अन्त्यमा यस नगरसभामा उपस्थित हुनु हुने नगरपालिकाका उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारमित्रहरु प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु। नगरपालिकाका सबै किसिमका कार्यक्रमहरु सफलरुपमा कार्यान्वयनमा सबैको साथ सहयोगको आवश्यकता पर्दछ। प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयन गरी सफल बनाउन यहाँहरुको सल्लाह सुझाब र मार्गदर्शन अपरिहार्य छ। तसर्थ यस नीति तथा कार्यक्रमलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याई सफल बनाउन यहाँहरुले सकारात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नेमा मैले आशा एवम् विश्वास लिएको छु।

धन्यवाद !

**शशी कुमार खनिया**
**प्रमुख**
**खैरहनी नगरपालिका**